ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*********************************

# छाउपडी प्रथासम्बन्धी बनेका कानुन कार्यान्वयनको अवस्था

# The Implementation Status of Laws Related to the Chhaupadi Practice

**देवीकुमारी शाह[१]**
**Debi Kumari Shah**
DOI: https://doi.org/10.3126/amrj.v4i1.78688
[1] विद्यावारिधि अध्ययनरत, नेपाल संस्कृत विश्वविद्यालय,दाङ
[1]Corresponding Author: ORCID: https://orcid.org/0009-0007-1426-4284 Email: shahdebi2077@gmail.com
Article History: Received: Jan. 20, 2025 Revised: April. 14, 2025 Received: May. 5, 2025

**लेखसार**

छाउपडी प्रथा नेपालका कर्णाली र सुदूरपश्चिम प्रदेशमा व्याप्त एक हानिकारक परम्परागत अभ्यास हो, जसअन्तर्गत महिनावारी भएका महिलालाई अशुद्ध मान्दै गोठ वा अलग्गै स्थानमा बस्न बाध्य बनाइन्छ। नेपाल सरकारले छाउपडी प्रथा न्यूनीकरण तथा अन्त्यका लागि विविध कानुनी सुधार तथा नीतिगत प्रयासहरू गरेको भए पनि, उक्त अभ्यास अझै धेरै स्थानमा कायम नै छ। विशेषतः मुलुकी अपराध संहितामा २०७४ मा गरिएको व्यवस्था र छाउपडी न्यूनीकरणसम्बन्धी विभिन्न निर्देशिका जारी भए तापनि तिनको प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू रहेका छन्। यो अध्ययन छाउपडी प्रथासम्बन्धी कानुनहरूको कार्यान्वयन अवस्थालाई समीक्षात्मक ढङ्गमा विश्लेषण गरिएको छ र त्यसको सिमित प्रभावकारिताका कारणहरू खोजी गरिएको छ। यो अध्ययन गुणात्मक ढाँचामा आधारित रही सरकारका नीति, कानुनी कागजात, मानव अधिकार सम्बन्धी प्रतिवेदनहरू र विगतका अनुसन्धानहरूलाई आधार बनाएको छ। यस प्रथासम्बन्धी बनेका कानुन कार्यान्वयनमा गहिरो सांस्कृतिक विश्वास, जनचेतनाको कमी, संस्थागत क्षमताको अभाव र राजनीतिक इच्छाशक्तिको कमजोरी मुख्य बाधक हुन। अछाम, डोटी, बझाङ, जुम्लामा यस प्रथा सम्बन्धी बनेका कानुन कार्यान्वयनका लागि छाउगोठ भत्काउने, स्थानीय तहबाट सचेतना कार्यक्रम सञ्चालन गरे पनि दीर्घकालीन परिवर्तनका लागि कानुनी उपाय पर्याप्त छैनन्। छाउपडी अन्त्यका लागि समुदायमा आधारित रूपान्तरण, धार्मिक तथा सांस्कृतिक संवाद, न्यायमा पहुँच र महिलाको सशक्तिकरण आवश्यक देखिन्छ ।

*प्रमूख शब्दावली:* छाउपडी प्रथा, कानुनी व्यवस्था, कार्यान्वयन, संस्कृतिक अवरोध, जनचेतना।

## विषयपरिचय

महिनावारी महिला जीवनको एक स्वाभाविक, जैविक र प्रजननसम्बन्धी प्रक्रिया हो, तर यो प्रक्रियासँग सम्बन्धित सामाजिक दृष्टिकोण, मान्यता र व्यवहारहरू विश्वका विभिन्न क्षेत्रहरूमा फरक-फरक छन् (ऋजचष्कभिच भत बी., २०१५)। दक्षिण एशियाली मुलुकहरूमा विशेषगरी महिनावारीप्रति सामाजिक निषेध, लाज र अपवित्रताको धारणा गहिरो रूपमा जरा गाडिएको पाइन्छ (च्वलबदजबत भत बी., २०१५)। नेपालका सुदूरपश्चिम र कर्णाली प्रदेशका गाउँघरमा प्रचलित छाउपडी प्रथा एक सामाजिक अभ्यास हो, जसअन्तर्गत महिनावारी भएको महिलालाई अशुद्ध ठानी घर, भान्साघर, देवताको कोठा तथा सामाजिक गतिविधिबाट टाढा राख्ने गरिन्छ (Amgain, २०१२)। यस अवधिमा महिलालाई गोठ वा छाउगोठमा बस्न बाध्य पारिन्छ र यस अवस्थामा महिला स्वास्थ्य, सुरक्षा, आत्मसम्मान र मानव अधिकारको दृष्टिले गम्भीर चुनौतीपूर्ण देखिन्छ (Gautam et al., २०१९)। महिलाको गासबास र कपासका अधिकारलाई यसले कुन्ठित पारेको छ।

छाउपडी प्रथाको उत्पत्ति धार्मिक अन्धविश्वास, सांस्कृतिक परम्परा र पितृसत्तात्मक सोचसँग जोडिएको देखिन्छ (Pariyar & Parmar, २०१८)। यद्यपि हिन्दू धर्मको वेद जस्ता प्रारम्भिक ग्रन्थहरूमा महिनावारीलाई जैविक प्रक्रिया र प्रजनन क्षमतासँग जोडेर हेरेको पाइन्छ (Sthaneshwar, २०१२), तर पछिल्लो धार्मिक ग्रन्थ र सामाजिक मान्यताहरूले यसलाई अशुद्धतासँग जोडेर अपवित्र व्यवहारको रूपमा विकास गरेका छन् (Kumar, २०१६)। यस समस्याको समाधानका लागि नेपाल सरकारले कानुनी हस्तक्षेप सुरु गरेको छ। सन् २००७ मा गृह मन्त्रालयले छाउपडी प्रथा निषेध गर्न निर्देशन दिएपछि, २०७४ सालमा मुलुकी ऐनमा संशोधन गर्दै छाउपडी लागू गराउनेलाई तीन महिनासम्म कैद वा जरिवाना वा दुवै सजाय हुने प्रावधान ल्याइएको छ (न्यखभचलकभलत या ल्भउर्बा, २०१७)। तर कानुनी व्यवस्था आएको लामो समय बितिसक्दा पनि छाउपडीको व्यवहारिक अन्त्य हुन नसक्नु कानुन कार्यान्वयनमा देखिएको कमजोरीको संकेत हो। यस अध्ययनले नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशका छाउपडी प्रभावित क्षेत्रमा छाउपडीसम्बन्धी बनेका कानुनहरूको व्यवहारिक कार्यान्वयनको अवस्था के कस्तो छ भन्ने कुरा अध्ययन गर्न खोजेको हो । साथै कानुन कार्यान्वयनमा स्थानीय तह, सरकारी संयन्त्र र समुदायको भूमिका, चुनौती तथा प्रभावकारिता बुझ्न यसले योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य छाउपडी प्रथासम्बन्धी बनेका कानुनको कार्यान्वयन अवस्थाको विश्लेषण गर्नु रहेको छ । यस सन्दर्भमा अध्ययनले मुख्यतः छाउपडी प्रथासम्बन्धी कानुनी व्यवस्था तथा नीतिहरूको समीक्षा गर्ने, छाउपडी प्रथा अझै कायम रहनुका प्रमुख कारणहरू र कानुनी कार्यान्वयनमा देखिएका अवरोधहरूको पहिचान गर्ने, छाउपडी अन्त्यका लागि बनेका कानुनहरूको व्यवहारिक कार्यान्वयन अवस्था विश्लेषण गर्ने र अन्ततः कानुनी कार्यान्वयन सुधारका उपायहरू साथै सामाजिक व्यवहार परिवर्तनका लागि आवश्यक रणनीतिहरू प्रस्ताव गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि

यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । यसले सामाजिक, सांस्कृतिक र वैधानिक सन्दर्भमा छाउपडी प्रथासम्बन्धी गहिरो र विस्तृत जानकारी सङ्कलन तथा विश्लेषण गर्न मद्दत पुऱ्याएको छ । अध्ययनमा विशेषतः द्वितीयक स्रोतहरूमार्फत जानकारी संकलन गरिएको छ । सरकारी तथा गैरसरकारी निकायद्वारा प्रकाशित कानुनी दस्तावेजहरू, नीति प्रतिवेदनहरू, मानवअधिकारसम्बन्धी प्रकाशनहरू, अनुसन्धान लेखहरू, पत्रपत्रिका र समाचार सामग्रीहरू समावेश छन्। यस अध्ययनले छाउपडी प्रथाविरुद्ध बनेका ऐन, नियम, निर्देशिका र कार्यान्वयन सम्बन्धी सरकारी दस्तावेजहरूको समालोचनात्मक समीक्षाका साथै, विभिन्न सरोकारवालाहरू जस्तै, महिला अधिकारकर्मी, स्थानीय पदाधिकारी, स्वास्थ्यकर्मी र कानुनी विज्ञहरूको धारणा समेटिएको पूर्वप्रकाशित अन्तर्वार्ता तथा केस स्टडीहरूलाई समेत आधार बनाएको छ। तथ्यहरूको विश्लेषणका लागि सामग्री विश्लेषण प्रविधि (अयलतभलत बलबथिकष्क तभअजलषत्रगभ) अपनाइएको छ, जसले विषयगत श्रेणीकरणमार्फत कानुनी व्यवस्थाको व्यवहारिक कार्यान्वयन अवस्था, चुनौतीहरू र प्रभावहरूलाई स्पष्ट पार्न सहयोग पुऱ्याएको छ ।

## नतिजा र छलफल

छाउपडी प्रथाको अन्त्यका लागि बनेका कानुन र त्यसको कार्यान्वयनका लागि यस नतिजा र छलफलमा महिला हिंसा तथा छाउपडी प्रथा अन्त्यका लागि बनेका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति निर्देशन, यी कानुन र निर्देशिकाको कार्यान्वयनको अवस्था, कानुन कार्यान्वयनका चुनौतीहरू र छाउपडी प्रथा उल्मुलनसम्बन्धी बनेका कानुन कार्यान्वयनका लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

### महिला हिंसा तथा छाउपडी प्रथा अन्त्यका लागि बनेका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति निर्देशन

महिलामाथि हुने हिंसा नियन्त्रण तथा न्यूनीकरणका लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी तथा नीतिगत पहलहरू गरिएका छन्। अन्तर्राष्ट्रिय स्तरमा, CEDAW (१९७९) ले महिलामाथिको सबै प्रकारको भेदभाव

अन्त्य गर्ने दायित्व राष्ट्रहरूलाई दिएको छ। संयुक्त राष्ट्रसंघीय घोषणाहरू (१९९३, १९९५) ले महिला हिंसालाई मानव अधिकारको उल्लङ्घन मानेर राज्यहरूलाई कानुनी तथा संरचनात्मक सुधार गर्न आग्रह गरेका छन्। नेपालले पनि विभिन्न कानुनी तथा नीतिगत पहलमार्फत महिला हिंसा नियन्त्रणमा काम गरिरहेको छ। नेपालको संविधान २०७२ ले महिला हिंसाविरुद्ध मौलिक हक सुनिश्चित गरेको छ (धारा ३८(३), २४) । घरेलु हिंसा (नियन्त्रण तथा सजाय) ऐन, २०६६ ले घरेलु हिंसालाई आपराधिक अपराध मानेको छ। फौजदारी संहिता २०७४ ले यौन हिंसा र मानव बेचबिखनजस्ता अपराधलाई परिभाषित गर्दै कडा सजायको व्यवस्था गरेको छ। छाउपडीजस्ता कुप्रथाको अन्त्यका लागि नेपाल सरकारले विभिन्न निर्देशिका र नीति ल्याएको छ। छाउपडी प्रथा उन्मूलन निर्देशिका (२०६४) ले जनचेतना, स्वास्थ्य सेवा, सम्मान, तथा सशक्तिकरणलाई जोड दिएको छ। मुलुकी अपराध संहिता २०७४ को दफा १६८(३) मा छाउपडी प्रथालाई दण्डनीय बनाइएको छ। साथै, छाउपडी प्रथाजन्य कुरीति उन्मूलन नीति (२०७६) ले छाउपडीका रूढीवादी सोच, अन्धविश्वास र अभ्यास हटाउन शिक्षा, जनचेतना र कानुनी कारबाहीको सिफारिस गरेको छ। यी सबै नीतिहरूले महिलामाथि हुने हिंसा, भेदभाव र कुरीतिहरू अन्त्य गर्दै लैङ्गिक समानता, महिला सशक्तिकरण, र मानव अधिकार सुनिश्चित गर्ने वातावरण तयार गर्न सहयोग गरेका छन्।

**कानुन कार्यान्वयनको अवस्था**

नेपालमा छाउपडी प्रथा अन्त्यका लागि कानुनी, नीतिगत र संस्थागत पहलहरू थालिए तापनि ती प्रयासहरूको व्यवहारिक प्रभावकारिता अझै पनि कमजोर देखिन्छ। घरेलु हिंसा (अपराध तथा सजाय) सम्बन्धी ऐन, २०६६ ले छाउपडी प्रथालाई दण्डनीय अपराध मानेको हो भने, मुलुकी अपराध संहिता ऐन, २०७४ ले छाउपडीलाई कानुनी रूपमा पूर्ण रूपमा निषेध गरेको छ (Government of Nepal, २००९; न्यखभचलकभलत या Nepal, २०१७)। तथापि, व्यवहारमा यी कानुनहरूको कार्यान्वयनमा थुप्रै अवरोध देखिन्छन्, जस्तै- सामाजिक डर, धार्मिक अन्धविश्वास, पीडितहरूको मौनता, र स्थानीय प्रशासनको उदासीनता (UNFPA, २०२०; Paudel, २०१९)। अछाम, डोटी, बझाङ, बाजुरा जस्ता जिल्लामा छाउगोठ भत्काउने अभियान चलाइए तापनि महिलाहरू वैकल्पिक बसोबासको व्यवस्था नहुँदा त्रिपाल टाँगेर बस्न बाध्य हुने अवस्था देखिएको छ (Khabardabali, २०२४)। डोटी जिल्लामा सार्वजनिक सुनुवाइ र स्थानीय नेतृत्वद्वारा सचेतनामूलक कार्यक्रम सञ्चालन भए तापनि कानुनी डरको प्रभाव अल्पकालीन मात्र रहेको छ (प्रशासन डटकम, २०७६)। स्थानीय तहहरूमा कार्यान्वयनका लागि आवश्यक जनशक्ति, स्रोतसाधन र राजनैतिक इच्छाशक्ति अभाव देखिन्छ। राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले छाउपडीलाई कतिपय अवस्थामा राजनैतिक लाभका लागि मौनतामा राखिएको 'भोट बैंक' को रुपमा प्रयोग गरिएको उल्लेख गरेको छ (खड्का, २०७५)। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको छाउपडी उन्मूलन कार्यविधि, २०७४ तथा महिला आयोगका प्रयासहरू समेत व्यवहारमा प्रभावकारी बन्न नसकेको देखिन्छ (Ministry of Women, Children and Senior Citizens, २०१७; National Women Commission, २००२)। सिंह र राई (२०७९) ले १ अर्बभन्दा बढी खर्च भए पनि 'छाउपडी मुक्त' घोषणाहरू व्यवहारमा खोक्रा बनेको र अम्बा बोहरा, पार्वती रावतजस्ता घटनाहरूले प्रथा अझै जीवित रहेको उल्लेख गरेका छन्। जुम्लाको तिला गाउँपालिकाले छाउपडी प्रवर्द्धन गर्ने जनप्रतिनिधिका सेवा सुविधा रोक्का गर्ने निर्णय गरेर कानुनी कठोरता देखाएको छ (NepalKhabar, २०८०)। कालिकोटमा किशोरीहरूको पहलमा छाउगोठ त्याग्ने प्रवृत्ति बढेको छ भने बझाङ र बाजुरामा समुदाय-सहभागितामा छाउगोठ भत्काउने र 'छाउगोठमुक्त' वडाहरू घोषणा गर्ने प्रयासहरू भइरहेका छन् (NepalPatra.com, २०७९; NepalKhabar, २०८०)। चोयाकोट माविमा सेनेटरी प्याड वितरण गरी छात्राहरूको विद्यालय सहभागिता बढाउने पहल गरिएको छ। अछाममा चित्रकला प्रतियोगिता (MakaluKhabar, २०७७), डडेल्धुरामा कार्यसमीक्षा (जिल्ला प्रशासन कार्यालय डडेल्धुरा, २०७८), चलचित्र 'टालो' (इनेप्लिज, २०७८), र नाटकमार्फत सशक्त जनचेतना फैलाइएको छ।

यसरी कानुनी संरचना निर्माण र छाउगोठ भत्काउनेजस्ता कार्यहरू प्रारम्भिक कदम मात्र हुन्। दीर्घकालीन समाधानका लागि समुदायमै आधारित सामाजिक रूपान्तरण, महिला सशक्तीकरण, धार्मिक नेतासँग संवाद, बालबालिकालाई शिक्षामार्फत लैंगिक संवेदनशीलता दिनु, र पीडितलाई आत्मविश्वास र कानुनी पहुँच उपलब्ध गराउनु अत्यावश्यक देखिन्छ। साथै, स्थानीय तहहरूले सक्रिय भूमिका निर्वाह गरी समन्वित रणनीतिहरू अवलम्बन गर्नु वाञ्छनीय छ ।

## कानुन कार्यान्वयनका चुनौतीहरू

नेपालमा छाउपडी प्रथालाई कानुनी रूपमा प्रतिबन्धित गरिए तापनि व्यवहारिक कार्यान्वयनमा अनेकौं चुनौतीहरू देखिन्छन् । मुलुकी अपराध संहिता ऐन, २०७४ तथा घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६ ले छाउपडीलाई दण्डनीय आपराधिक कार्य मानेको भए पनि ती कानुनहरू प्रभावकारी रूपमा लागू गर्न असहज भएको छ (Government of Nepal, २००९; Government of Nepal, २०१७)। सबैभन्दा प्रमुख चुनौती भनेको छाउपडी प्रथालाई धार्मिक आस्था र सांस्कृतिक परम्परासँग गाँसिएको मान्यता हो, जसले समुदायमा यसको विरुद्ध उभिन गाह्रो बनाउँछ। पीडित महिलाहरू आफैंले पनि यस प्रथालाई स्वीकार गर्न बाध्य देखिन्छन्, जसले कानुनी प्रक्रियामा रिपोर्टिङ नगर्ने प्रवृत्ति निम्त्याउँछ (UNFPA, २०२०)। स्थानीय तहरूमा स्रोतसाधन, जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा कानुनी कार्यान्वयनमा कमजोरी देखिएको छ। कतिपय स्थानीय सरकारहरूमा छाउगोठ भत्काउनेजस्ता सांकेतिक कार्यहरू भए तापनि वैकल्पिक आवासको अभाव र पुनः गोठ निर्माण हुने प्रवृत्तिले समस्या यथावत् राखेको छ ( Khabardabali, २०२४) । राजनीतिक नेतृत्व तथा प्रशासनिक संयन्त्रको निष्क्रियता, विशेषगरी स्थानीय स्तरमा 'भोट बैंक' को डरले कानुनी कार्यान्वयनमा बाधा पुग्ने गरेको पाइएको छ (Khadka, २०७५)। महिलाहरूमा कानुनी चेतनाको अभाव, प्रहरी र सरकारी निकायमा लैंगिक सम्वेदनशीलताको कमी, साथै समुदायभित्रको सामाजिक दबाबले गर्दा छाउपडी विरुद्ध उजुरीहरू दर्ता हुने सम्भावना न्यून छ (Paudel, २०१९)।

यद्यपि केही स्थानहरूमा स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था तथा युवाहरूको सक्रियतामा परिवर्तनका संकेत देखिए तापनि तिनलाई संस्थागत रूपमा रूपान्तरण गर्न दीर्घकालीन नीति र समन्वित प्रयासहरू आवश्यक छन् (Singh & Rai, २०७९; NepalKhabar, २०८०) । कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउने हो भने धर्मगुरुहरू, स्थानीय अगुवा, महिला समूहहरू र सञ्चार माध्यमहरूको सहभागिता बढाउनु अत्यावश्यक देखिन्छ।

## छाउपडी प्रथा उल्मुलनसम्बन्धी बनेका कानुन कार्यान्वयनका लागि सुझावहरू

छाउपडी प्रथालाई अन्त्य गर्नका लागि कानुनी संरचनामा सुधार, समुदायको सक्रिय सहभागिता, शिक्षा र जागरूकता कार्यक्रमहरू, तथा आर्थिक सशक्तिकरण जस्ता उपायहरूको आवश्यकता देखिन्छ । यी सबै उपायहरू एकीकृत र समन्वित रूपमा कार्यान्वयन गर्दा मात्र दीर्घकालीन परिवर्तन सम्भव हुने देखिन्छ ।

### *कानुनी संरचनामा सुधार*

छाउपडी प्रथाको उन्मूलनका लागि कानुनी सुधार अपरिहार्य छ। सरकारले कानुनी संरचना थप कडा पार्दै यसको निगरानीमा सुधार गर्नुपर्छ । छाउपडीलाई केवल अपराध मान्नु मात्र पर्याप्त छैन, यसका लागि कडा दण्डका प्रावधानहरू लागु गर्नुपर्ने छ। अपराधीकरणलाई प्रोत्साहन गर्नको लागि, छाउपडीको सम्बन्धमा विशेष कानुनी प्रक्रिया र निगरानी संयन्त्रहरू स्थापित गर्नु आवश्यक छ। यसले न्यायपालिकालाई छाउपडी प्रथासम्बन्धी गम्भीर कदम चाल्नका लागि प्रेरित गर्नेछ ।

### *सामुदायिक सक्रिय सहभागिता*

समुदायको सहभागिता छाउपडी प्रथा उन्मूलनमा महत्त्वपूर्ण भूमिका खेल्छ। यसका लागि धार्मिक नेताहरू र स्थानीय अगुवाहरूलाई संलग्न गर्नु अत्यावश्यक छ, किनकि यस प्रथाको आधार प्रायः धार्मिक आस्थामा आधारित हुन्छ। यी नेताहरूले छाउपडी प्रथा र यसको नकरात्मक असरबारे जनचेतना फैलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। यसै गरी, युवा संघहरूको सक्रियता पनि महत्त्वपूर्ण छ, जसले सन्देश फैलाउन र समाजमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुर्याउन सक्छ ।

### *शिक्षा र जागरूकता*

शिक्षा र जागरूकता छाउपडी उन्मूलनको एउटा प्रभावकारी उपाय हो। विद्यालयका पाठ्यक्रममा लैङ्गिक समानता र मानव अधिकारका विषयहरू समावेश गर्नुपर्छ। साथै, रेडियो र सोशल मिडियाको माध्यमबाट व्यापक प्रचार अभियान चलाउनुपर्छ जसले समुदायमा यस प्रथाको हानिकारक असर र कानुनी परिप्रेक्ष्यबारे जनचेतना सिर्जना गर्नेछ। यसैगरी, समुदायस्तरमा कार्यक्रम र प्रशिक्षणका माध्यमबाट नागरिकलाई जानकारी पुर्याउन महत्त्वपूर्ण छ।

***आर्थिक सशक्तिकरण***

महिलाहरूको आर्थिक सशक्तिकरणले छाउपडी प्रथा उन्मूलनमा महत्त्वपूर्ण भूमिका निभाउँछ। महिलाहरूलाई आत्मनिर्भर बनाउन, उनीहरूको रोजगारीको अवसर सिर्जना गर्नु आवश्यक छ। स्थानीय तहले महिलालाई व्यापारिक सीप र स्व-रोजगारका अवसरहरू प्रदान गर्ने कार्यक्रमहरू लागू गर्नुपर्छ। यसका साथै, सामुदायिक आय स्रोत सिर्जना गरेर महिलाहरूलाई सशक्त बनाउनुपर्ने छ, जसले तिनीहरूको आर्थिक स्वतन्त्रता र सामाजिक स्थिति सुधार्नेछ। यसरी, कानुनी सुधार, सामुदायिक सहभागिता, शिक्षा र जागरूकता, र आर्थिक सशक्तिकरणका उपायहरू एकसाथ कार्यान्वयन गर्दा छाउपडी प्रथाको उन्मूलन सम्भव हुने देखिन्छ ।

## निष्कर्ष

छाउपडी प्रथा नेपालको केही समुदायमा गहिरोसँग जरा गाडेर बसेको एउटा सामाजिक कुरीति हो, जसले महिलामाथि हिंसा, भेदभाव र अपमानजनक व्यवहारलाई संस्थागत रूप दिएको छ। यस्ता प्रथाको अन्त्यका लागि नेपालमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी र नीतिगत पहलहरू गरिए पनि तिनको व्यवहारिक कार्यान्वयन अझै सशक्त र प्रभावकारी बन्न सकेको छैन। नेपालको संविधान, घरेलु हिंसा सम्बन्धी ऐन, मुलुकी अपराध संहिता, छाउपडी उन्मूलन निर्देशिका तथा नीति जस्ता कानुनी दस्तावेजहरूले छाउपडी प्रथालाई आपराधिक कार्य ठहर गर्दै दण्डको व्यवस्था गरे पनि स्थानीय स्तरमा सामाजिक डर, अन्धविश्वास, पीडितको मौनता, र प्रशासनिक कमजोरीजस्ता कारणले ती कानूनहरू व्यवहारमा प्रभावशाली हुन सकेका छैनन्। कानुनी संरचनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहहरूको सक्रियता, जनशक्ति तथा स्रोतसाधनको सुनिश्चितता, र राजनैतिक इच्छाशक्तिको खाँचो छ। साथसाथै, धार्मिक अगुवाहरू, महिला समूहहरू, विद्यालयहरू, सञ्चारमाध्यम, र युवाहरूको सामूहिक सहभागिता आवश्यक छ। दीर्घकालीन रूपमा छाउपडी प्रथाको उन्मूलनका लागि कानुनी सुधार, समुदायमा आधारित सामाजिक रूपान्तरण, शिक्षा तथा जनचेतना, र महिलाको आर्थिक सशक्तीकरण जस्ता उपायहरू समन्वयात्मक रूपमा अघि बढाउनु अपरिहार्य छ। जबसम्म समुदायका सदस्यहरू स्वयं परिवर्तनका वाहक बन्न सक्दैनन्, तबसम्म कानुनी पहलहरू मात्रले प्रभावकारी परिणाम दिन सक्दैनन्। यसरी छाउपडी उन्मूलनका लागि बहुआयामिक र समन्वित प्रयासको आवश्यकता छ, जसले महिला अधिकार, सम्मान, स्वास्थ्य र समानताको प्रत्याभूति दिलाउन सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

Action Works Nepal (AWON). (2020). *Engaging men against Chhaupadi practice in Nepal*. ALIGN Platform. https://www.alignplatform.org/sites/default/files/2020-06/south_asia_case_study_1_engagingmenagainstchhaupadi_practiceinnepal.pdf

Amgain, K. (2012). *Chhaupadi Pratha: Menstrual Taboo in the Far-Western Nepal*. Nepal Human Rights Year Book 2012. Informal Sector Service Centre (INSEC). Retrieved from https://www.insec.org.np

Budha, P. B. (2011). *Chhaupadi Tradition: The Harmful Practice during Menstruation in Far-Western Nepal*. The Himalayan Times. Retrieved from https://thehimalayantimes.com

Chrisler, J. C., Gorman, J. A., Manion, J., & Murgo, M. (2015). Body appreciation and attitudes toward menstruation. Body Image, 12, 78-81. https://doi.org/10.1016/j.bodyim.2014.11.001

Garg, S., & Anand, T. (2015). Menstruation related myths in India: Strategies for combating it. Journal of Family Medicine and Primary Care, 4(2), 184-186. https://doi.org/10.4103/2249-4863.1546

Gautam, Y., Dulal, S., & Yang, Y. (2019). *Menstrual Restrictions in Nepal: Shackled by Tradition*. Journal of Health Management, 21(1), 103-114. https://doi.org/10.1177/0972063418822929

Government of Nepal, Ministry of Women, Children and Social Welfare. (2010). National Action Plan on Gender-Based Violence (2010–2015).

Government of Nepal. (2009). *Domestic Violence (Crime and Punishment) Act, 2066*. Kathmandu: Government of Nepal.

Government of Nepal. (2009). Domestic Violence (Crime and Punishment) Act, 2066 (2009). Ministry of Law, Justice and Parliamentary Affairs.

Government of Nepal. (2015). *Constitution of Nepal 2015*. Kathmandu: Government of Nepal.

Government of Nepal. (2017). *Criminal Code 2074 (2017)*. Kathmandu: Nepal Law Commission. Retrieved from https://www.lawcommission.gov.np

Government of Nepal. (2017). *Muluki Criminal Code Act, 2074*. Kathmandu: Government of Nepal.

Government of Nepal. (2017). *National Women Commission Act, 2074*. Kathmandu: Government of Nepal.

Jamison, S. W., & Witzel, M. (1992). Vedic Hinduism. In The World's Religions (pp. 1-66). Harvard University.

Johnston-Robledo, I., & Chrisler, J. C. (2013). The menstrual mark: Menstruation as social stigma. Sex Roles, 68(1-2), 9-18. https://doi.org/10.1007/s11199-011-0052-z

Kathmandu Post. (2021, January 23). *Kalikot teens run successful campaign against Chhaupadi*. The Kathmandu Post. https://kathmandupost.com/karnali-province/2021/01/23/kalikot-teens-run-successful-campaign-against-chhaupadi

Kumar, N. (2016). Menstruation myths in India: A critical review. IOSR Journal of Humanities and Social Science (IOSR-JHSS), 21(4), 68-72.

Ministry of Women, Children and Senior Citizens. (2017). *Chhaupadi Practice Elimination Procedure, 2074*. Kathmandu: Government of Nepal.

MoHA (Ministry of Home Affairs). (2007). *Notice on Prohibiting Chhaupadi Practice*. Kathmandu: Government of Nepal.

My Republica. (2018, November 19). *Local unit to punish reps promoting Chhaupadi, untouchability*. My Republica. https://myrepublica.nagariknetwork.com/news/local-unit-to-punish-reps-promoting-chhaupadi-untocuhability

National Women Commission. (2002). *Establishment and Objectives*. Kathmandu: Government of Nepal.

Pariyar, J., & Parmar, R. (2018). *Cultural Violence and Chhaupadi Practice in Far-Western Nepal*. Dhaulagiri Journal of Sociology and Anthropology, 12, 94-101. https://doi.org/10.3126/dsaj.v12i0.22187

Paudel, R. (2019). *Chhaupadi Practice in Nepal: A Critical Review on its Elimination Strategies*. Journal of Health Promotion, 7, 56-65.

Puri, M., Tamang, A., & Shah, I. (2015). *Exploring the Nature and Reasons for Sexual Violence within Marriage among Young Women in Nepal*. Asia-Pacific Population Journal, 30(3), 59-76. https://doi.org/10.18356/f6336e7b-en

Ranabhat, C., Kim, C. B., Choi, E. H., Aryal, A., Park, M. B., & Doh, Y. A. (2015). Chhaupadi culture and reproductive health of women in Nepal. Asia Pacific Journal of Public Health, 27(7), 785-795. https://doi.org/10.1177/1010539515602743

Sapkota, D., Sharma, D., Pokharel, H. P., Budhathoki, S. S., & Khanal, V. (2021). Knowledge and practices of menstrual hygiene among adolescent girls in Nepal: Comparing the rural

and urban setting. *BMC Women's Health*, *21*(1), 1-10. https://doi.org/10.1186/s12905-021-01231-6

Sthaneshwar, T. (2012). Understanding menstrual taboo in the context of Vedic literature. Journal of Dharma, 37(3), 303-314.

The Constitution of Nepal. (2015). Constitution of Nepal, 2072 (2015). Kathmandu: Nepal Law Commission.https://lawcommission.gov.np/en/archives/category/documents/prevailing-law/constitution/constitution-of-nepal

UNFPA. (2017). *Menstruation and Human Rights: Unpacking the Policy and Legal Environment in Nepal*. United Nations Population Fund. Retrieved from https://nepal.unfpa.org

UNFPA. (2020). *Menstrual Health and Hygiene Management in Nepal: Country Landscape Analysis*. Kathmandu: United Nations Population Fund.

United Nations. (1979). *Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW)*. Retrieved from https://www.un.org/womenwatch/daw/cedaw/

United Nations. (1993). *Declaration on the Elimination of Violence against Women*. Retrieved fromhttps://www.ohchr.org/en/instruments-mechanisms/instruments/declaration-elimination-violence-against-women

United Nations. (1995). Beijing Declaration and Platform for Action. Fourth World Conference on Women, Beijing, China. https://www.un.org/en/events/pastevents/pdfs/Beijing_Declaration_and_Platform_for_Action.pdf

Wikipedia contributors. (2024, April 5). *Chhaupadi*. Wikipedia. https://en.wikipedia.org/wiki/Chhaupadi

खडका, क. (२०७५, पुष २०).छाउपडी प्रथा ‘भोट बैंक’ का रूपमा प्रयोग हुदै, Kathmandu Today. https://www.kathmandutoday.com/2019/01/359762.html

खबरबोली, (२०२४, April २०). भत्किए छाउगोठ, भत्किएन छाउपडी प्रथा. खबरबोली. https://www.khabardabali.com/news/362552

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा, (२०७८), छाउपडी प्रथा उन्मूलन सम्बन्धमा पूर्वकार्यको समीक्षा। जिल्ला प्रशासन कार्यालय डडेल्धुरा. https://daodadeldhura.moha.gov.np/post/chaupadi-pratha-unmulan-sambandhama

पौडेल, सुस्मिता (२०२५, चैत्र २७). छाउपडी प्रथा अन्त्य अभियान ृनाटके. साहित्य पोस्ट. https://sahityapost.com/aakhyan/drama-aakhyan/113779/

मकालु खबर (२०७७, फागुन ११)। अछाममा छाउपडि सम्बन्धि राष्ट्रव्यापि बृहत चित्रकला प्रतियोगिता हुने, मकालु खबर. https://www.makalukhabar.com/2021/02/99977059144/

वास खबर, (२०८०, पुष २६)। धामीझाक्रीको सामूहिक प्रतिबद्धता : ‘हामी छाउपडी प्रथा मान्दैनौं’। वास खबर. https://washkhabar.com/np/2024/01/11/34337

सिंह,व.र राई,वि.(२०७९,आश्विन९).छाउगोठको‘ब्रान्डिङ’. https: // ekantipur.com/news/2022/09 /25/ 1664068376471575 86.html